बैठक संख्याः २२

मितिः २०८० जेष्ठ ०४ गते बिहिबार
समयः विहान ८ वजे

नगर कार्यपालिकाका अध्यक्ष/नगरप्रमुख श्री भूपेन्द्र कुमार लावतीको अध्यक्षता र देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भूपेन्द्रकुमार लावती | नगर प्रमुख/अध्यक्ष | |
| २ | श्री कृष्णकुमारी निरौला | उप प्रमुख | |
| ३ | श्री विष्णुकुमार मगर | वडाध्यक्ष वडा नं.१ | |
| ४ | श्री तेजप्रसाद तिम्सिना | वडाध्यक्ष वडा नं.२ | |
| ५ | श्री डम्बर बहादुर राई | वडाध्यक्ष वडा नं.३ | |
| ६ | श्री रामकुमार श्रेष्ठ | वडाध्यक्ष वडा नं.४ | |
| ७ | श्री भूमबहादुर सुर्य मगर | वडाध्यक्ष वडा नं.५ | |
| ८ | श्री जंगवीर तामाङ | वडाध्यक्ष वडा नं.६ | |
| ९ | श्री खगेन्द्रबहादुर लिम्बु | वडाध्यक्ष वडा नं.७ | |
| १० | श्री भीमप्रसाद पोखेल | वडाध्यक्ष वडा नं.८ | |
| ११ | श्री नन्दप्रसाद खतिवडा | वडाध्यक्ष वडा नं.९ | |
| १२ | श्री अमिता राई | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १३ | श्री चम्पा थापा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री शोभा बोहरा | कार्यपालिका सदस्य | |
| १५ | श्री पुरणमाया राई | कार्यपालिका सदस्य | पुरनमाया राई |
| १६ | श्री गीता मगर | कार्यपालिका सदस्य | |
| १७ | श्री ओमप्रकाश वि.क. | कार्यपालिका सदस्य | |
| १८ | श्री गंगामाया विश्वकर्मा | कार्यपालिका सदस्य | गंगा |
| १९ | श्री माया नेपाली दर्जी | कार्यपालिका सदस्य | माया |
| २० | श्री नारायण न्यौपाने | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति

श्री. कृष्णराज राई उपसचिव

श्री. भुपेन्द्र वनाल अधिकृत सातौं

श्री. डिक बहादुर भण्डारी लेखा अधिकृत

श्री. भानुभक्त राई इन्जिनियर

श्री. हेमचन्द्र निरौला ना.सु.

निर्णय प्रमाणित

२०८०/०२/०५

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

२०८० जेष्ठ ४ गते

बैठक संख्याः २२

| सि नं | विषय | निर्णय |
|---|---|---|
| १ | कार्यबिधि स्विकृत सम्बन्धमा। | यस नगरपालिकामा आवश्यक देहाय बमोजिमको कार्यविधि स्विकृत गर्ने।<br>१.लेटाङ नगरपालिकाको जग्गा वर्गीकरण तथा विकास सम्बन्धि कार्यविधि,२०८०<br>२.श्रमिक संञ्चालन कार्यविधि,२०८० |
| २ | सडक बोर्ड सम्बन्धमा। | सडक वोर्डबाट यस आ.व.२०७९/८० को लागि कानेपोखरी लेटाङ खण्ड सडक मर्मत कार्यका लागि रू ४२००००० बजेट स्वीकृत भई आएकाले स्थानीय तहको साझेदारी वापत ३०% ले हुन आउने रकम रू३३३५८५६।६० समेत गरी रू ७५३५८५६।६० को लागत अनुमानमा ठेक्काका लागि मितिः२०७९/०१/२९ गते गरिएको बोलपत्र आव्हानलाई अनुमोदन गर्ने। स्थानीय तहले बेहोर्ने ३०% रकम रू ३३३५८५६।६० नगरपालिकाले श्रोत सुनिश्चित गर्ने। |
| ३ | स्रोत सुनिश्चितता सम्बन्धमा। | यस लेटाङ नगरपालिकाको वडा नं ९ को वडा कार्यालयको अधुरो भवन निर्माण गर्नका लागि जिल्ला समन्वय समिति बाट ६०% श्रोत सुनिश्चित गरी ४०% यस नगरपालिका बाट गर्नु पर्ने भएकाले उक्त श्रोत अन्य सार्वजनिक निर्माणमा विनियोजित रकमबाट गर्ने। |
| ४ | कर्मचारी प्रोत्साहन सम्बन्धमा | यस नगरपालिकाको नगर प्रमुख सहितको टोली चिसाङ खोलामा सम्भावित विपद् जोखिम क्षेत्रको अनुगमन गर्ने क्रममा लामिटार क्षेत्रमा अनाधिकृत रूपमा ढुङ्गा संकलन गरेको पाइएकाले नगर प्रमुखको मौखीक निर्देशनमा यस कार्यालयका सेक्युरिटी गार्ड चन्द्रबहादुर बिश्वकर्मा उक्त क्षेत्रमा अमानतबाट राजश्व संकलन गर्न खटाइएकोमा निजलाई प्रोत्साहन स्वरूप संकलित राजश्वको २.५% प्रदान गर्ने। |
| ५ | बिद्यालय सञ्चालन अनुमती सम्बन्धमा। | यस लेटाङ नगरपालिका वडा नं ९ जाँतेमा अवस्थित श्री जाँते प्यारागन इङलीस बोर्डिङ स्कुललाई कक्षा ६ सञ्चालनका लागि अनुमती प्रदान गर्ने र संस्थागत विद्यालयहरूलाई अनुमती नलिई कक्षाहरू सञ्चालन नगर्न नगराउन शिक्षा शाखा मार्फत सबै बिद्यालयहरूमा पत्राचार गरी सोको अनुगमन गर्ने। |
| ६ | किरात लिम्बु भाषा अध्यापन योग्यता सम्बन्धमा। | यस नगरपालिका वडा नं ७ को श्री महेन्द्र मा.वि मा किराँत लिम्बु भाषा अध्यापन गर्नका लागि सहायक प्रशिक्षक आवश्यकता रहेकाले उक्त बिद्यालयमा भर्ना गरिने सहायक प्रशिक्षकको योग्यता १०+२ वा सो सरह उत्तिर्ण गरी लिम्बु भाषाको सोही योग्यता हासिल गरेको हुनुपर्ने। |
| ७ | नगर प्रोफाइलमा कामगर्ने गणकहरूको पारिश्रमिक भुक्तानी | मितिः२०७९/११/१९ गतेको कार्यपालिका निर्णय बमोजिम नगर प्रोफाइलको तथ्याङ्क संकलन गर्न गणकहरू काममा खटाइएको र मिति२०७९/१२/०५ गतेको कार्यपालिका निर्णय बमोजिम पारिश्रमिक तोकिएकोमा काम सम्पन्न गरी पारिश्रमिक माग भएकाले निजहरूको पारिश्रमिक भुक्तानी दिने। |

भुपेन्द्रकुमार लावती
नगर प्रमुख

निर्णय प्रमाणित
[signature] २०८०।१।२८

| | | |
|---|---|---|
| ८ | खरिद इकाइ गठन सम्बन्धमा। | यस नगरपालिकामा सार्वजनिक खरिद नियमावली २०६४ को दफा १६ मा भएको व्यवस्था बमोजिम देहाय अनुसारको खरिद इकाइ गठन गर्ने।<br>१.प्रशासन योजना तथा अनुगमन शाखा प्रमुख- अध्यक्ष/संयोजक<br>२.आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य<br>३.भौतिक पूर्वाधार शाखा प्रमुख- सदस्य<br>४.जिन्सी व्यवस्थापन उपशाखा प्रमुख- सदस्य सचिव<br>(आवश्यकता अनुसार विषयगत शाखा प्रमुखलाई आमन्त्रीत सदस्यको रूपमा राख्न सकिने) |
| ९ | बोलपत्र आह्वान अनुमोदन सम्बन्धमा। | यस नगरपालिकाका लागि आवश्यक पर्ने तारजाली खरिदका लागि मिति:२०७९/१२/०५ गते बोलपत्र आह्वानको सूचना प्रकाशन गरिएकोमा बोलपत्र मुल्याङ्कन समितिको मिति:२०८०/०१/२६ गते कुनै पनि बोलपत्र सारभुत रूपमा प्रभावग्राही नदेखिएको भनी सिफारिस गरेकोले यस कार्यलयले मिति:२०८०/०१/२७ गते सार्वजनिक खरिदेद ऐन २०६३ को दफा १४ को उपदफा ४(क) मा भएको व्यवस्था बमोजिम पुनः राष्ट्रियस्तरको बोलपत्र आह्वान सम्बन्धी १५ दिने सूचना प्रकाशन गर्ने भनी गरेको निर्णय अनुमोदन गर्ने। |
| १० | संस्था दर्ता। | यस लेटाङ नगरपालिकामा मिति:२०८०/०१/२८ गते जौंते फुटबल क्लबले आफ्नो स्विकृत बिधान सहित संस्था दर्ता गरिदिनुहुन भनि निवेदन दिएकोमा निजलाई लेटाङ नगरपालिका संस्था दर्ता ऐन २०७८ को दफा ४ बमोजिम संस्था दर्ता गरी प्रमाणपत्र प्रदान गर्ने। |
| ११ | प्रि बजेट छलफल सम्बन्धमा। | आर्थिक वर्ष २०८०/८१ को बजेट निति तथा कार्यक्रम तर्जुमाको पूर्वतयारीका लागि प्रि बजेट सर्वपक्षीय छलफल/अन्तर्क्रिया आयोजना गरी सुझाव संकलन गर्ने। |
| १२ | विषयगत समितिको काम सम्बन्धमा। | यस लेटाङ नगरपालिकामा आ.व.२०८०/८१ को बजेट निर्माणका लागि यस नगरमा नियमानुसार गठन भएका सबै विषयगत समितिहरूको पूर्वतयारी बैठक सञ्चालन गर्ने। |
| १३ | शिर्षक परिवर्तन सम्बन्धमा। | आगामी नगरसभा बाट स्विकृत हुने गरी देहाय बमोजिमको योजनाको शिर्षक परिवर्तन गर्ने।<br><br>वडा नं \| पुरानो शिर्षक \| रकम \| परिवर्तित शिर्षक<br>३ \| जेष्ठ नागरिक चौतारी निर्माण \| १५०००० \| बिरन र कमलपुर जोड्ने पुरानो मूल बाटोमा कल्भर्ट निर्माण |
| १४ | आर्थिक सहयोग प्रदान | यस नगरपालिका वडा नं ६ मा वडागत योजना कार्यान्वयन गर्ने शिलशिलामा सडक बनाउन खनेको खाल्डोमा परी मेरूदण्ड भाचिएको हुँदा लेटाङ नगरपालिका बिपन्न नागरिक आर्थिक सहयोग कार्यविधि बमोजिम निजलाई रू २०,०००/- प्रदान गर्ने। |
| १५ | उपचार खर्च भुक्तानी गर्ने। | यस नगरपालिकाको शववहानले मिति:२०७९/१२/२६ गतेका दिन सामान्य ठक्कर दिंदा घाइते भई SUBIDHA POLICLINIC BELBARI मा सामान्य उपचार पश्चात NEURO |

भुपेन्द्रकुमार लावती
नगर प्रमुख

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

निर्णय प्रमाणित
२०८०।०२।१४

| | | |
|---|---|---|
| | | HOSPITAL बिराटनगरमा उपचार गर्दाको कुल लागत रू५३२१०/- श्री सागर बिक्रम बस्नेतको नाममा भुक्तानी गर्ने। (राहत तथा पुनस्थापना शिर्षकबाट) |
| १६ | लम्पी भ्याक्सीन सम्बन्धमा। | यस नगरपालिकामा पशुहरूमा बढ्दो क्रममा रहेको लम्पी स्किन रोगको न्यूनिकरणका लागि भ्याक्सिन सुचारू गर्न आवश्यक रहेकाले वडा नं २ मा दुध उत्पादन अन्य वडाको तुलनामा धेरै हुने भएको हुँदा उक्त वडा बाट खोप कार्यक्रम सुरू गरी क्रमश आवश्यकता अनुसार अन्य वडामा समेत भ्याक्सिन कार्यक्रम सञ्चालन गर्ने। |
| १७ | खेलकुद समिति सम्बन्धमा। | यस लेटाङ नगरपालिकाको खेलकुद बिकास ऐन २०७९ को दफा ३ को उपदफा २ को (ख) बमोजिम नगरकार्यपालिकाले मनोनित गर्नुपर्ने सदस्यमा तपसिल बमोजिमको गर्ने।<br>१.श्री भिमप्रसाद पोखेल – सदस्य<br>२.श्री अमिता राई - सदस्य |
| १८ | पूर्ण खोप सुनिश्चितका लागि सिफारिस सम्बन्धमा। | यस नगरपालिकामा नगर पूर्ण खोप सुनिश्चितता तथा दिगो पनाको अवस्था रहेकाले नगर पूर्ण खोप सुनिश्चितता तथा दिगो पनाको लागि जिल्ला खोप समन्वय समितिमा सिफारिस गर्ने। |
| १९ | बजेट विनियोजन तथा प्रधानमन्त्री रोजगार संग साझेदारी | यस लेटाङ नगरपालिका वडा नं ५ को खेरूवा खोला पुल छेउमा ड्रेन निर्माणका लागि अन्य सार्वजनिक निर्माण बाट रू १६१००० बजेट बिनियोजन गर्ने र उक्त काम प्रधानमन्त्री रोजगार संग साझेदारी गरी सञ्चालन गर्ने। |
| २० | बजेट बिनियोजन | वडा नं ५ को आधारभुत स्वास्थ्य केन्द्र सञ्चालन गर्नका लागि जग्गा सम्याउने, रूख निकाल्ने, ग्वाली सार्ने तथा गिट्टी हाल्ने जस्ता काम रहेकाले प्राविधिक स्टमेट र मुल्याङ्कन बमोजिम उक्त कामको भुक्तानी प्रदान गर्ने। (श्रोतः अन्य सार्वजनिक निर्माण) |
| २१ | दररेट माग सम्बन्धमा। | यस लेटाङ नगरपालिकाको फलामको बिद्युत पोलको दररेट जिल्ला दररेट अनुसार कायम गर्दा रू१२१९० कायम रहेको तर बजार दररेट हाल २२००० भएकाले कार्य सञ्चालनमा कठिनाइ आएको छ। उक्त सम्बन्धमा विद्युत प्राधिकरणबाट पछिल्लो ठेक्का प्रक्रियाको दररेट माग गरी सोही अनुसार नगरको दररेट कायम गर्ने। |
| २२ | मैत्रीपूर्ण खेल सम्बन्धमा। | यस लेटाङ नगरपालिका र मिक्लाजुङ्ग गाउँपालिकाको कर्मचारीहरू बिचमा मितिः२०८०/०१/०८ गते भएको मैत्रीपूर्ण खेलको कुल लागत रू६४५६२/- देखिएकाले कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी प्रदान गर्ने। |
| २३ | आन्तरिक नियन्त्रण प्रणालिलाई व्यवस्थित गर्ने। | लेटाङ नगरपालिकामा शुसासन कायम गरी जनतालाई शासनको सुखद अनुभुती गराउन सेवा प्रवाहलाई चुस्त तथा दुरूष्त राख्दै सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरिय बनाउने। साथै काममा पार्दशिता ल्याई आन्तरिक नियन्त्रण प्रणालिलाई व्यवस्थित गर्न मासिक तथा चौमासिक रूपमा शाखा प्रमुखहरू बाट प्रतिवेदन नगर कार्यपालिकामा पेश गर्ने। |

भुपेन्द्रकुमार लावती
नगर प्रमुख

निर्णय प्रमाणित

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| २४ | स्थायी पदपूर्तिका लागि माग गर्ने। | नेपाल सरकार मन्त्रीपरिषदबाट मिति २०७५/०९/०९ गते स्वीकृत स्थानीय तहको संगठन संरचना तथा दरवन्दी तेरिज तथा लेटाङ नगरपालिका कार्यपालिकाको आ.व.२०७५/०७६ को अनुमोदनको निर्णय बमोजिम यस नगरपालिकामा स्थायी पदपूर्ती नभई रिक्त रहेको हुँदा इन्जिनियर सातौं तह सिभिल समुह पद संख्या १ स्थायी पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा माग गर्ने। |
| २५ | स्थायी पदपूर्तिका लागि माग गर्ने। | नेपाल सरकार मन्त्रीपरिषदबाट मिति २०७५/०९/०९ गते स्वीकृत स्थानीय तहको संगठन संरचना तथा दरवन्दी तेरिज तथा लेटाङ नगरपालिका कार्यपालिकाको आ.व.२०७५/०७६ को अनुमोदनको निर्णय बमोजिम यस नगरपालिकामा कार्यरत सहायकस्तर चौथो तहमा कार्यरत श्री डिक बहादुर मगरले लिखित राजिनामा दिई उक्त पद यस कार्यालयमा रिक्त भएको हुँदा उक्त सहायकस्तर चौथो प्रशासन समुह पद संख्या- १ स्थायी पदपूर्तिका लागि प्रदेश लोक सेवा आययोगमा माग गर्ने। |
| २६ | कर्मचारी माग गर्ने | यस लेटाङ नगरपालिकामा निर्णय नं १४ र १५ मा उल्लेखित रिक्त पदपूर्तिहरू स्थायी पदपूर्ती नभएसम्मका लागि प्रदेश लोक सेवा आयोगको प्रतिक्षा सूची/अस्थायी सूची मा रहेका बैकल्पिक उम्मेदवारहरूलाई स्थायी पदपूर्ती नभए सम्मका लागि यस पालिकामा सिफारिस गरी पठाइदिन अनुरोध गर्ने। |

भुपेन्द्रकुमार लावती
नगर प्रमुख